# वैदेशिक रोजगारबाट फर्केका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम कार्यान्वयन मापदण्ड , २०७९

स्वीकृत मिति :-२०८०।०२।२८

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

**वैदेशिक रोजगारबाट फर्केका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम कार्यन्वयन सम्बन्धी मापदण्ड, २०८०**

**प्रस्तावनाः**

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप, पूँजी र प्रविधिलाई उपयोग गर्दै सामाजिकीकरण कार्यक्रम, रोजगारीमा आवद्धता र उद्यमशीलता प्रर्वृधन गर्दै स्वरोजगार बनाउने उदेश्यले वैदेशिक रोजगार बोर्डको सचिवालय र थाहा नगरपालिका बीचको द्विपक्षीय सम्झौता बमोजिम वैदेशिक रोजगारबाट फर्केका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम कार्यन्वयनमा सहजता र एकरुपता कायम गर्न वान्छनीय भएकोले,

थाहा नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी थाहा नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "वैदेशिक रोजगारबाट फर्केका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम कार्यन्वयन सम्बन्धी मापदण्ड, २०८०" रहेको छ । (२)यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

२.**परिभाषा** : विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "मापदण्ड" भन्नाले वैदेशिक रोजगारबाट फर्केका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम कार्यन्वयन सम्बन्धी मापदण्ड, २०८० सम्झनुपर्दछ।

(ख) "निर्देशिका" भन्नाले "वैदेशिक रोजगारबाट फर्केका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन)निर्देशिका ,२०७९ सम्झनुपर्दछ ।

(ग) "बोर्ड" भन्नाले वैदेशिक रोजगार बोर्ड भन्ने सम्झनुपर्दछ।

(घ) "रोजगार संयोजक" भन्नाले रोजगारीको हकसम्बन्धी नियमावली २०७५ को दफा ५ को उपदफा १ बमोजिम कर्मचारी सम्झनुपर्दछ ।

(ङ) "लाभग्राही" भन्नाले वैदेशिक रोजगारबाट फर्केका सूचीकृत व्यक्ति सम्झनुपर्दछ ।

(च) "कार्यालय" भन्नाले थाहा नगरपालिका कार्यालय सम्झनुपर्दछ ।

(छ) "नगरपालिका भन्नाले थाहा नगरपालिका सम्झनुपर्दछ।

(ज) "रोजगार सेवा केन्द्र" भन्नाले थाहा नगरपालिकाको रोजगार सेवा केन्द्र सम्झिनुपर्दछ।

(झ) "पुनः एकीकरण कार्यक्रम" भन्नाले वैदेशिक रोजगारबाट फर्केका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम सम्झनुपर्दछ।

(ञ) "उपप्रमुख" भन्नाले थाहा नगरपालिकाको उपप्रुमख सम्झनुपर्दछ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले थाहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

**३. पुनः एकीकरण कार्यक्रम सञ्चालन गर्ने :**

वैदेशिक रोजगारीबाट फर्केका नेपाली नागरिकको सीप, पूँजी र प्रविधिलाई थाहा नगरपालिकाको हितको लागि उपयोग गर्न तथा त्यस्ता नागरिकको पुनः एकीकरण गर्नका लागि कार्यालयले सामाजिकीकरण कार्यक्रम, रोजगारीमा आवद्धता हुने कार्यक्रम र उद्यमशीलता प्रवर्धन गर्ने कार्यक्रम सञ्चालन गर्नेछ।

**४. सामाजिकीकरण कार्यक्रम :**

बुँदा ३ बमोजिमको सामाजिकीकरण कार्यक्रम सञ्चालन गर्दा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई समाजमा अन्तर्घुलन गराउनका लागि त्यस्ता नागरिक तथा निजको परिवारका सदस्यसमेतको सहभागितामा पारिवारिक तथा सामाजिक मेलमिलाप, मनोसामाजिक परामर्श, नेतृत्व विकास, सामाजिक सञ्जाल निर्माण तथा स्वयंसेवक परिचालन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

**५. रोजगारीमा आबद्धता हुने कार्यक्रम :**

बुँदा ३ बमोजिम रोजगारीमा आबद्धता हुने कार्यक्रम सञ्चालनका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको सीप परीक्षण तथा प्रमाणीकरण, श्रम बजारको आवश्यकतामा आधारित व्यावसायिक र व्यवस्थापकीय सीपमूलक तालिम प्रदान, परम्परागत रूपमा सञ्चालित पेशाको आधुनिकीकरण तथा बजारको माग र व्यक्तिको क्षमता अनुरुप रोजगारीको व्यवस्था गर्न सहजीकरण गरिनेछ।

**६. उद्यमशीलता प्रवर्धन हुने कार्यक्रमः**

(१) बुँदा ३ बमोजिम उद्यमशीलता प्रवर्धन हुने कार्यक्रम सञ्चालन गर्दा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवको सदुपयोग गर्दै त्यस्ता व्यक्तिको वित्तीय साक्षरता र पहुँचमा वृद्धि गर्न प्राविधिक र व्यवस्थापकीय रूपमा सहयोग गरी एकल वा समूहमा आधारित स्वउद्यममूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(२) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले यस मापदण्ड लागू हुनु अघि नै अब पुनः वैदेशिक रोजगारीमा नफर्किने अठोट गरी थाहा नगरपालिकाभित्रै कुनै उद्यमशीलता गरिहेको रहेछ भने सोही उद्यमशीलतालाई टेवा पुग्नेगरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) बुँदा ६को (१) बमोजिम उद्यमशीलता प्रवर्धन हुने कार्यक्रम सञ्चालन गर्दा प्रदेश सरकार र नगरपालिकाको अन्य शाखासँग समन्वय गरी नवीनतम् ज्ञान र सीपमा आधारित व्यवसाय स्थापना र सञ्चालनका लागि वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिलाई अनुदान र सहुलियत व्याजदरमा उद्यमी कर्जा प्रवाह गर्न वा त्यस्ता व्यक्तिले उत्पादन गरेका वस्तु वा सेवालाई प्रदर्शनी वा बिक्री वितरणका लागि औद्योगिक मेला, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा प्राथमिकता प्रदान गर्न सकिनेछ।

**७. कोषको व्यवस्था :**

(१) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा बोर्डसँग सम्झौता भएबमोजिमको कोषको रकम उपयोग गर्नेछ।

(२) कोषमा नगरपालिका, प्रदेश सरकार, विभिन्न सरकारी निकाय , गैरसरकारी संस्थाहरु र निजी क्षेत्रले समेत रकम जम्मा गर्न सक्नेछन् ।

**८. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने :**

(१) अन्य सरकारी निकाय, प्रदेश सरकार, नगरपालिकाका अन्य शाखा, गैरसकारी संस्था, निजी क्षेत्र आदिसँग सहकार्य गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) बुँदा ८(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डसँग भएको सम्झौताअनुरुपको रकम तेस्रो पक्षसँग सम्झौता गरी सञ्चालन गरिने छैन ।

**९. लाभग्राहीमा सूचीकृत भएको हुनुपर्ने :**

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले यस मापदण्डबमोजिम पुनः एकीकरण कार्यक्रममा सहभागी हुनका लागि निर्देशिकाको दफा १४ बमोजिम लाभग्राहीमा सूचीकृत भएको हुनुपर्नेछ ।

**१०. प्रस्ताव आह्वान गरिने :**

(१) बुँदा ३ बमोजिमको कार्यक्रम सञ्चालन गर्न कार्यालयले निर्देशिकाको दफा १४ बमोजिम लाभग्राहीमा सूचीकृत भएका व्यक्तिहरुसँग सार्वजनिक सूचनामार्फत् व्यवसायिक प्रस्ताव आह्वान गर्नेछ ।

(२) बुँदा १० को (१) बमोजिम प्रस्ताव आह्वान भएपछि सूचीकृत ईच्छुक लाभग्राहीले योजना, उद्देश्य, योजनाको लागत, अनुमानित लाभ, लाभग्राहीको तर्फबाट हुने कम्तिमा ३० प्रतिशत योगदानको प्रतिवद्धता समेतको विवरण खुलाई अनुसूची-१ को ढाँचामा कार्यालयसमक्ष व्यवसायिक प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) ईच्छुक लाभग्राहीले व्यवसायिक प्रस्ताव पेश गर्दा प्रस्तावको साथमा देहायका कागजात संलग्न गर्नुपर्नेछ :

- क) अनुसूची-१ बमोजिमको प्रस्ताव
- ख) निवेदन
- ग) सम्बन्धित वडा कार्यालयको सिफारिस
- घ) राहदानीको प्रतिलिपि
- ङ) भिसाको प्रतिलिपि

(४) लाभग्राहीमा सूचीकृत व्यक्तिहरुले समूहमा काम गर्नेगरी सामूहिकरुपमा एउटै प्रस्ताव पेश गर्न सक्नेछन् ।

(५) बुँदा १०(३) बमोजिम रितपूर्वक पेश भएको प्रस्ताव रोजगार सेवा केन्द्रले बुँदा नं. १२ बमोजिम गठन हुने प्रस्ताव छनोट उपसमितिसमक्ष पेश गर्नेछ ।

११. **प्रस्ताव स्वीकृत गर्ने** :

(१) बुँदा नं. १० बमोजिम पेश भएको प्रस्तावका सम्बन्धमा प्रस्ताव छनोट समितिले आवश्यक जाँचबुझ गरी देहायका आधारमा उपयुक्त प्रस्ताव छनोट गर्नेछ :-

क) पुनः एकीकरण कार्यक्रमका लागि उपलब्ध बजेट

ख) प्रस्तावित योजनाको प्रकृति र माग

ग) योजना सञ्चालनका लागि लाभग्राहीले गर्ने योगदान

घ) योजना सञ्चालन गर्न क्षमता र योजनाको उपयोगिता

ङ) समूहमा आधारित स्वउद्यममूलक योजना

ङ) समावेशीता(महिला, तेस्रो लिङ्गी, दलित, आदिवासी-जनजाति, अपाङ्गता भएका व्यक्ति, विपन्न आदि)

(२) बुँदा १०(१) बमोजिम प्रस्ताव छनोट गर्दा कुनै प्रस्तावउपर थप स्पष्ट हुनुपर्ने भएमा छनोट समितिले सम्बन्धित आवेदक व्यक्ति वा समूहलाई कार्यालयमा बोलाउन सक्नेछ।

(३) प्रस्ताव छनोट गर्दा उपलब्ध स्वीकृत बजेटको ८० प्रतिशत रकमबाट सम्पन्न हुनेगरी प्रस्ताव छनोट गर्नुपर्नेछ । छनोट हुनुपर्ने प्रस्तावको सङ्ख्या निर्धारण गर्दा प्रस्ताव छनोट समितिले बोर्डसँग भएको सम्झौतालाई आधार लिनुपर्नेछ।

१२. **प्रस्ताव छनोट उपसमिति** : (१) पुनःएकीकरण कार्यक्रममा सहभागी हुन पेश भएका प्रस्तावहरुमध्ये उपयुक्त प्रस्ताव छनोट गर्न देहाय बमोजिमको प्रस्ताव छनौट उप-समिति गठन हुनेछ :-

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना अधिकृत वा सहायकस्तरको कर्मचारी | - सदस्य |
| रोजगार संयोजक | - सदस्य |

(२) प्रस्ताव छनोट उप-समितिबाट छनौट भएका प्रस्ताव प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यक्रम कार्यान्वयन समितिले स्वीकृत गरेपछि कार्यान्वयन गरिनेछ।

१३. **सम्झौताबाट कार्यक्रम कार्यान्वयन गरिने** :

(१) स्वीकृत प्रस्तावअनुसार बजेटको बढीमा ७० प्रतिशत रकम नगरपालिकाबाट उपलब्ध गराउने र बाँकी रकम लाभग्राहीले बेहोर्ने गरी दुई पक्षीय सम्झौताबाट कार्यक्रम कार्यान्वयन गरिनेछ।

(२) कार्यक्रम कार्यान्वयनका लागि लाभग्राहीलाई पेश्की रकम उपलब्ध गराइने छैन।

**१४. बजेट खर्च र भुक्तानीः**

(१) पुनः एकीकरण कार्यक्रमका लागि स्वीकृत बजेटको बढीमा २० प्रतिशत रकम लाभग्राहीको उद्यमशीलता विकास, सीप विकास तालिम, सामाजिक परिचालन र व्यवस्थापकीय तथब प्रशासकीय क्षेत्रमा खर्च गरिनेछ।

(२) लाभग्राहीसँग सम्झौता बमोजिम कार्यान्वयन हुने कार्यक्रम सम्पन्न भएपछि लाभग्राहीले कार्यालयसमक्ष भुक्तानीका लागि निवेदन पेश गर्नुपर्नेछ। निवेदनका साथ देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ :

(क) भुक्तानी माग निवेदन

(ख) सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्न भएको व्यहोरासहितको सिफारिस

(ग) लाभग्राहीले प्रतिवद्धता गरेको रकमसहितको बिल, भरपाई

(घ) आवश्यक अन्य कागजातहरु

(३) नगरपालिकाको कार्य सञ्चालन कोष-विविध बजेट उपशीर्षक वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुनः एकीकरण कार्यक्रम-८०३३२४०१३००६११ बाट रकम भुक्तानी गरिनेछ।

**१५. अनुगमन तथा मुल्यांकन** :

(१) पुनः एकीकरण कार्यक्रमको समग्र अनुगमन तथा मुल्याङ्कनका लागि देहाय बमोजिमको अनुगमन तथा मुल्याङ्कन उपसमिति गठन हुनेछ ।

| | |
|---|---|
| नगर उपप्रमुख | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| रोजगार संयोजक | - सदस्य |

(२) अनुगमन तथा मूल्याङ्कन उपसमितिको प्रतिवेदनको आधारमा पुनः एकीकरण कार्यक्रमलाई परिमार्जन गर्दै लगिनेछ।

**१६. प्रतिवेदन पेश गर्नुपर्ने** :

कार्यक्रम सम्पन्न भएको एक महिनाभित्र निर्देशिका बमोजिम गठन भएको कार्यक्रम कार्यान्वयन समितिले कार्यक्रमको भौतिक तथा वित्तीय प्रतिवेदन थाहा नगरपालिकासमक्ष पेश गर्नेछ ।

**१७. विविध** : (१) यस मापदण्डमा नसमेटिएका कुराहरु थाहा नगरपालिकाको ऐन, नियम तथा प्रचलित अन्य ऐन, नियम अनुसार हुनेछ।

| संलग्न कागजातहरु | |
|---|---|
| १. निवेदन | |
| २. व्यवसायिक प्रस्ताव | |
| ३. वडाको सिफारिस | |
| ४. पासपोर्टको प्रतिलिपि | |
| ५. भिसाको प्रतिलिपि | |
| ६. अन्य | |

अनुसूची-१ अनुसूची-३ (बुँदा १० को (२) सँग सम्बन्धित)

**व्यवसायिक योजना प्रस्तावको ढाँचा**

श्रीमान् रोजगार संयोजकज्यू
रोजगार सेवा केन्द्र,
थाहा नगरपालिका, मकवानपुर ।

**विषयः प्रस्ताव पेश गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन)निर्देशिका,२०७९ बमोजिम म त्यस कार्यालयमा लाभग्राहीको सूचीमा सूचीकृत भएकोमा मैले अब पुनः विदेश नफर्किने अठोट गरी थाहा नगरपालिकामै उद्यम/व्यवसाय सञ्चालन गरी पुनः एकीकरण कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको छु ।

१.**निवेदकको विवरण**ः-(क)नाम, थरः........................ (ख) ठेगानाः...................................
(ग) राहदानी नं....................(घ)नागरिकता नं.ः....................(ङ) रोजगारीका लागि गएको देशः........................ (च) नेपाल फर्किएको मितिः.....................................

२. **प्रस्तावित व्यवसायको विवरण**

व्यवसायको नाम ः .......................................................
उद्यम/व्यवसायको संक्षिप्त परिचय
ः.........................................................................................................
.........................................................................................................
..................................................................................
उद्देश्य ः..........................................................................................
उद्यम/व्यवसायबाट उत्पादन हुने बस्तु वा सेवाको नाम ः .........................................
व्यवसाय रहने स्थान ः
संलग्न हुने अनुमानित जनशक्ति ः महिला..........पुरुष..............जम्मा......
प्रयोग हुने मेशिनरी औजारहरुको विवरण ........................................................
उद्यम/व्यवसाय स्थापना तथा संचालन गर्न लाग्ने अनुमानित कूल रकम ः
अङ्कमा ................अक्षरमा...............................................................
व्यवसायबाट हुने अनुमानित वार्षिक आम्दानी ः अङ्कमा ..............अक्षरमा........................
व्यवसायबाट हुने अनुमानित वार्षिक खर्च ः अङ्कमा ..............अक्षरमा............................
व्यवसायबाट हुने अनुमानित वार्षिक बचत ः अङ्कमा ..............अक्षरमा...........................

माथी पेश गरेको विवरण ठीक साँचो छ । फरक पर्न गएमा कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदकः**
हस्ताक्षरः
नाम थरः
निवेदन मितिः
सम्पर्क नं.

**सिफारिस गर्ने ः**
वडा नं. .....को कार्यालय, थाहा नगरपालिका
नाम ः
पद ः
हस्ताक्षर ः
मिति ः
कार्यालयको छाप ः